**नेपाली / *NEPALI***

लागि: सबै विद्यार्थीहरू, संकाय र कर्मचारीहरू

बाट: कुलपति Jennifer Mnookin

विषय: हाम्रो नेतृत्वको आगामी बदल

मिति: फेब्रुअरी ११, २०२६

हाम्रो क्याम्पस समुदायको लागि,

*Universities of Wisconsin* का अध्यक्ष Jay Rothman ले आज बिहान गरेको घोषणा तपाईंले पक्कै पनि देख्नुभयो होला, जुनमा अध्यक्ष Jay ले मे महिनाको मध्यमा *Columbia* विश्वविद्यालयमा मेरो प्रस्थान पछि, *College of Letters & Science* का डिन Eric Wilcots लाई अन्तरिम कुलपतिको रूपमा नियुक्त गर्नुभएको छ।

चुनौतीपूर्ण प्रतिकूल परिस्थितिहरूमा पनि Eric ले बलियो दृष्टिकोण र स्पष्ट नेतृत्वका साथ विश्वविद्यालयलाई अगाडि बढाउनु हुनेछ भन्ने कुरामा मलाई पूर्ण विश्वास छ। *Universities of Wisconsin* को प्रमुख क्याम्पसको लागि अन्तरिम नेतृत्वलाई विचार गर्न वहाँहरूले दिनुभएको ध्यान प्रति म अध्यक्ष Rothman र *Board of Regents* का अध्यक्ष Amy Bogost प्रति आभारी छु र मलाई विश्वास छ कि वहाँहरूले *UW–Madison* को निरन्तर शक्ति र उत्कृष्टतालाई समर्थन गर्न उत्कृष्ट छनौट गर्नुभएको छ।

सन् १९९६ देखि Eric यहाँ एक सम्मानित संकाय सदस्यको रूपमा रहनुभएको छ र सन् २०२० देखि हाम्रो सबैभन्दा ठूलो कलेजको एक विचारशील र प्रभावकारी डिन रहनुभएको छ। वहाँ *L&S* भित्र र बाहिरका क्याम्पस नेतृत्व, संकाय र कर्मचारीहरू सँग राम्ररी परिचित हुनुहुन्छ, विद्यार्थी अनुभव प्रति हाम्रो प्रतिबद्धता कायम राख्नुहुन्छ अनि हाम्रा धेरै महत्त्वपूर्ण बाह्य सरोकारवालाहरूलाई पहिले नै चिन्नुहुन्छ। यस बाहेक, वहाँ एक सहकार्य अगुवा हुनुहुन्छ जसले संवाद, संलग्नता र साझा प्रशासनलाई महत्त्व दिनुहुन्छ र विस्कन्सिन विचार (*Wisconsin Idea*) को रूपान्तरणकारी शक्तिमा गहिरो विश्वास राख्नुहुन्छ।

डिन Wilcots र म अहिले र मे महिनाको मध्येसम्म मिलेर काम गरेर सहज नेतृत्व बदल सुनिश्चित गर्नेछौं। म हाम्रो नयाँ प्रोभोस्ट (जो मार्च महिनाको शुरूवातमा घोषणा गरिनेछ) सँग *L&S* को अन्तरिम अगुवा निर्धारण गर्न मिलेर काम गर्नेछु।

कृपया डिन Wilcots लाई वहाँको नियुक्तिका लागि बधाई दिन साथसाथै वहाँको सफलताको लागि मिलेर काम गर्न मलाई साथ दिनुहोला।

Jennifer L. Mnookin

कुलपति